


# ७ भाषा, पदहरु, सन्दर्भ र प्रसङ्ग

*यस अध्यायका मूल पदहरू:* व्यवस्था ३२:४६, ४७, १ राजा ३:६, गन्ती ६:२४:२६, उत्पत्ति १:२६,२७, उत्पत्ति २:१५-२३ र उत्पत्ति १५:१-५।

*यस अध्यायको मूल सार पद:* **"२५ परमप्रभुका करारको सन्दूक बोक्ने लेवीहरूलाई यो आज्ञा गरियोः २६ "व्यवस्थाको यो पुस्तक परमप्रभु तिमीहरूका परमेश्वरका करारको सन्दूकको छेउमा राख, र त्यो तिमीहरूका विरुद्धमा साक्षीको रूपमा त्यहाँ रहोस्।" (व्यवस्था ३१:२५-२६)।**

विश्वका खरबौं मानिसहरूले ६,००० भन्दा धेरै भाषाहरू बोल्दछन्। विश्वका ६०० भाषाहरूमा पूरै बाइबल अनुवाद गरिएको छ भने नयाँ करार र बाइबलका अरू भागहरू २५०० भन्दा बेसी भाषामा अनुवाद गरिएको छ। हो, निश्चयनै बाइबल धेरै भाषाहरूमा अनुवाद गरिएको छ तर विश्वममा भएका भाषाहरूमध्ये आधाभन्दा पनि कम भाषामा मात्र बाइबल अनुवाद गरिएको छ।

लगभग एक खर्ब पाँच अरब मानिसहरूले वोल्ने तिनीहरूको मातृभाषामा बाइबल अनुवाद हुन बाँकी छ। धेरै कामहरू गर्न बाँकी भएपनि बाइबल छाप्ने संस्थाहरू विश्वका ६ खरब मानिसहरूले आफ्नै भाषामा बाइबल पढ्न सकून भन्ने प्रयासमा लागिपरेका छन् ।

तर हामीमाझ आफ्नै भाषामा बाइबल उपलब्ध हुनु कस्तो आशिषको कुरा हो। हामी आफ्नै भाषामा बाइबल पढ्न पाउनेहरूले यो बिर्सन्छौं कि कैयौ मानिसहरूले आफ्नै भाषामा बाइबल पढ्न नपाएको मात्र होइन, सयौं वर्षसम्म पाश्चात्य मुलुक युरोपमा सर्बसाधारण मानिसहरूले बाइबल पढ्न नपाऊन् भनेर जानाजानी इसाई धर्मगुरु भनाउँदाहरूले तिनीहरूबाट बाइबल

लुकाएर राखेका थिए। तर प्रेसको आविष्कार र सुधारवादी इसाई अभियानले अब बाइबल कुनै धर्मगुरुहरूको पेवा हुन गएको छैन। बाइबल भएका हामीहरूमध्ये कतिपयले पवित्र आत्माको अगुवाईमा परमेश्वरको वचन पढ्न सक्छौं र यसका पानाहरूमा प्रकट गरिएका परमेश्वरको बारेमा ज्ञान हासिल गर्न सक्छौं।

## १. धर्मशास्त्र बाइबल बुझ्न सक्ने क्षमता

बाइबल हामीलाई दिइनुको उद्देश्य के हो? हेर्नुहोस्, २ तिमोथी ३:१५-१७ **"१५ तिमीले सानैदेखि पवित्र धर्मशास्त्रका कुराहरू जानेका छौ। यिनै कुराले ख्रीष्ट येशूमा विश्वास गर्दा मिल्ने मुक्तिबारे बुझ्ने ज्ञान दिन्छ। १६ परमेश्वरको प्रेरणाबाट मिलेको पूरै धर्मशास्त्र शिक्षा दिनलाई, सच्याउनलाई र राम्रो जीवनको तालिम दिनलाई धेरै कामलाग्दो छ, १७ परमेश्वरको मानिसले सबै असल कामहरू गर्न सक्ने होस् भनेर नै धर्मशास्त्र दिइएको हो।"**

इतिहासमा परमेश्वरको कामको साक्षी देखाउन वा उहाँको अस्तित्वलाई प्रमाणित गर्न बाइबल लेखिएको थियो। पतित मानिसलाई उद्धार गर्ने परमेश्वरको योजना देखाउन र सबै धार्मिक अर्थात् उचित जीवन यापन गर्ने नीतिहरू सिकाउन बाइबल हाम्रो समक्ष प्रस्तुत गरिएको थियो। मानिसहरूकै भाषा र लवजले उहाँका सोचहरू र धारणाहरू प्रस्तुत गर्न परमेश्वरले चुन्नुभएको थियो। मिश्र अर्थात् इजिप्ट देशबाट इस्रायलीहरूलाई उद्धार गर्नु उहाँको विशेष लक्ष्य थियो। विश्वका सबै मानिसहरूले सृष्टिकर्ता परमेश्वरप्रति श्रद्धा र भक्ति राखून् भन्ने सन्देश दिन उहाँले विशेष जाति वा राष्ट्रलाई रोज्नुभएको थियो। त्यस जाति वा राष्ट्रलाई तिनीहरूकै हिब्रू भाषामा उहाँको वचनलाई संचार गर्न उहाँले सुम्पिनुभएको थियो (त्यसमा हिब्रू भाषासँग सम्बन्धित केही आरामिक भाषा पनि समावेश गरिएको छ)।

ग्रीक सभ्यताको उत्थानले गर्दा नयाँ करारलाई त्यस समयको विश्वमा प्रायजसो प्रचलित बोलि र लिखित ग्रीक विश्वभाषामा फैलाउन नयाँ अवसर मिलेको थियो। त्यस समयमा ग्रीक भाषामा पुरानो करार पनि अनुवाद गरिएको थियो। येशू ख्रीष्टको मृत्युपछि सुरूका चर्च र चेलाहरूलाई उहाँको सन्देश त्यस विश्वभाषामा जताततै जोडकातोडले फैलाउन जाँगर मिलेको थियो। पछि, "२ आफूले देखेका सबै कुरा यूहन्नाले बताएका छन्। उनले बताएका परमेश्वरको सन्देश र येशू ख्रीष्टले देखाउनुभएको सत्य कुरा यी नै हुन्। ३

यो पुस्तक पढ्ने र यसमा भएका अगमवाणीका वचन सुन्ने र मान्ने सबै जना धन्य हुन्। कारण यो कुरा चाँडै पूरा हुनेछन्।" भनेर प्रकाश १:२-३मा उल्लेख गरिएको छ। यसरी सुरूको बाइबल लेख्ने लेखकदेखि अन्तिम लेखकसम्म बाइबलमा भएका साक्षी र वचनहरू परमेश्वरकै प्रेरणाद्वारा निरन्तरता पाएर लेखिएका थिए।

**इस्रायलका सन्तानहरूलाई परमेश्वरको व्यवस्थाको सबै वचनहरू पालन गर्न महत्त्वपूर्ण आदेश दिइएको थियो (व्यवस्था ३२:४६)। ती व्यवस्था वा शिक्षादीक्षालाई त्यस समयमा तोराह भनिन्थ्यो। परमेश्वरको वचन पालन गर्दा हाम्रो आयु अहिलेकै सन्दर्भमा कसरी लामो हुन सक्छ? हेर्नुहोस् व्यवस्था ३२:४५-४७ "४५ मोशाले मानिसहरूलाई परमेश्वरका शिक्षाहरू दिइसकेपछि भने, ४६ "मैले आज तिमीहरूलाई दिएका आज्ञाहरू पालन गर्ने निश्चय गर। ती तिम्रा छोरा-छोरीहरूलाई दोहोऱ्याइदिनू र तिनीहरूले विश्वासयोग्यतासाथ परमेश्वरका शिक्षाहरू मानून्। ४७ यो शिक्षा खोक्रो वचन होइन। यो तिमीहरूको जीवन नै हो। यो शिक्षा मान अनि यर्दनपारि तिमीहरूले अधीन गर्न लागेका देशमा तिमीहरू धेरै दिनसम्म बास गर्नेछौ।"**

कतिपय मानिसहरूसँग बाइबल तिनीहरूको मातृभाषामामात्र होइन बाइबलका विभिन्न संस्करणहरू पनि पाइन्छ। कतिपयसँग केवल एउटै संस्करणमात्रै होला। तर तपाईंसँग जुनसुकै संस्करणको बाइबल भएतापनि एउटा मुख्य कुरोमा प्रतिवद्धता जनाइ राख्नु आवश्यक ठान्नुपर्छ। त्यो हो, परमेश्वरको वचनलाई हृदयमा **सजाइ राख्नु र अझ यसले** सिकाएका वचनहरू पालन गर्न आफूलाई सुम्पनु।

**परमेश्वरको वचनमा दिइएका वचनहरू पालन गर्न र आफ्ना सन्तानलाई सिकाउन किन त्यो सधै लाभदायक नै हुन्छ ? (व्यवस्था ३२:४७) ।**

## २. शब्दहरू र त्यसका अर्थहरू

प्रत्येक भाषामा आ-आफ्नै विशेष शब्दहरू हुन्छन्। ती शब्दहरूको अर्थ गहिरो हुन्छ र त्यसको अर्थ केवल त्यहीं भाषी समाजले मात्र बुझ्न सक्दछ। त्यसैले गर्दा कतिपय समयमा तिनै शब्दहरू अर्को भाषामा अनुवाद गर्दा त्यसलाई ठ्याक्कै अनुवाद गर्न मुश्किल पर्दछ। त्यतिमात्र नभएर त्यसको मर्म पनि बुझाउन कतिपय समयमा कठिन हुन्छ। बाइबलका फराकिला र

गहिरा अर्थहरू बुझाउन र अनुवाद गर्न प्रशस्तमात्रामा शब्द ज्ञान वा शब्दहरूको अर्थ बुझ्नु वा शब्दभण्डार हुनु आवश्यक हुन्छ।

परमेश्वरको दया, करुणा र माया उहाँका सृष्टिहरूमा कसरी फैलिएको हुन्छ भनेर देहायका केही पदहरूले कसरी बुझाउँछ? हेर्नुहोस्, १ राजा ३:४-१४ "४ सोलोमन राजा गिबोनमा बलिदान चढ़ाउनलाई गए, किनकि डाँड़ाका थानहरूमा सबैभन्दा मुख्य स्थान त्यहीं थियो। त्यहाँ वेदीमा तिनले एक हजार होमबलि चढ़ाए। ५ गिबोनमा परमप्रभु परमेश्वर राती सपनामा देखा परेर तिनलाई भन्नुभयो, "तिमी मसित जे माग्छौ, त्यो दिनेछु।" ६ सोलोमनले जवाफ दिए, "तपाईंले आफ्नो दास मेरा पिता दाऊदलाई ठूलो दया देखाउनुभयो, किनभने उहाँ तपाईंप्रति विश्वासयोग्य हुनुहुन्थ्यो, र धार्मिक र हृदयमा ठीक हुनुहुन्थ्यो। तपाईंले उहाँप्रति यो ठूलो दया कायम नै गरिरहनुभएको छ, र अब उहाँपछि सिंहासनमा बस्नलाई तपाईंले उहाँलाई आज यो दिन एउटा छोरो दिनुभएको छ। ७ "अब हे परमप्रभु मेरा परमेश्वर, तपाईंले आफ्नो दासलाई मेरा पिता दाऊदको सट्टामा राजा तुल्याउनुभएको छ। तर म त सानै बालक मात्र छु र मेरो कर्तव्य म जान्दिनँ। ८ म तपाईंको दास, यहाँ तपाईंले चुन्नुभएको तपाईंका प्रजाको बीचमा छु, जो असंख्य र अनगिन्ती छ। ९ यसकारण तपाईंको प्रजालाई ठीकसित शासन गर्नलाई बुझ्ने मन आफ्नो दासलाई दिनुहोस्, र त्यसले असल र खराबको भेद छुट्ट्याउन सकोस्। किनकि तपाईंको यस ठूलो प्रजालाई कसले शासन गर्न सक्छ र?" १० सोलोमनले यो कुरा मागेकामा परमप्रभु प्रसन्न हुनुभयो। ११ यसकारण परमेश्वरले तिनलाई भन्नुभयो, "तिमीले यो कुरा मागेकोले, र तिमीले आफ्नो निम्ति लामो आयु अथवा धन-सम्पत्ति वा तिम्रा शत्रुहरूको प्राण नमागेको, तर ठीकसित न्यायको निधो गर्नलाई बुद्धि मागेको कारणले, १२ तिमीले मागेको म पूरा गर्नेछु। म तिमीलाई बुद्धिमान् र निधो गर्न सक्ने मन दिनेछु, कि तिम्रो अघि तिमीजस्तो कहिले कोही भएको छैन, न तिम्रो पछि कहिल्यै अरू कोही हुनेछ। १३ यसबाहेक तिमीले नमागेका ती कुराहरू, अर्थात् धन-सम्पत्ति र मान पनि म तिमीलाई दिनेछु, यहाँसम्म कि तिम्रो जीवनकालमा राजाहरूमध्ये कुनै पनि तिम्रो बराबरी हुनेछैन। १४ अनि तिम्रो पिता दाऊदले गरेझैं यदि तिमी मेरा मार्गमा हिंड्यौ र मेरा धर्म-विधिहरू र आज्ञाहरू पालन गर्‍यौ भने, म तिमीलाई दीर्घायु तुल्याउनेछु।", भजन ५७:१-३ "१ ममाथि कृपा गर्नुहोस्, हे परमेश्वर, ममाथि कृपा गर्नुहोस्, किनकि मेरो प्राणले तपाईंमा शरण लिन्छ। यो आपत् नहटुञ्जेल, तपाईंकै पखेटाको छायामुनि म

**शरण लिनेछु। २ सर्वोच्च परमेश्वरमा म पुकार गर्छु, परमेश्वरमा, जसले मेरो निम्ति आफ्नो अभिप्राय पूर्ण गर्नुहुन्छ। ३ स्वर्गबाट उहाँले पठाउनुहुन्छ र मलाई बचाउनुहुन्छ, र मलाई क्रूरतासँग पिछा गर्नेहरूलाई हप्काउनुहुन्छ। परमेश्वर आफ्नो करुणा र विश्वसनीयता प्रकट गर्नुहुन्छ।", भजन १४३:५-८ "५ म अतीतका दिनहरू स्मरण गर्दछु, र तपाईंका सबै कार्यहरूमा मनन् गर्दछु, अनि तपाईंका हातले गरेका काममाथि विचार गर्दछु। ६ म मेरा हात तपाईंतिर पसार्दछु, बाँझो जमिनझैं मेरो प्राण तपाईंको निम्ति तिर्खाउँछ। ७ हे परमप्रभु, मलाई छिटो जवाफ दिनुहोस्, मेरो आत्मा शिथिल हुन्छ। आफ्नो मुहार मबाट नलुकाउनुहोस् नत्रता म मृत-लोकमा पर्नेहरूझैं हुनेछु। ८ प्रातःकालले तपाईंको अचूक कृपाको वचन ल्याओस्, किनकि तपाईंमा नै मैले भरोसा राखेको छु। कुन मार्गमा मैले हिँड्नुपर्ने हो त्यो मलाई सिकाउनुहोस्, किनकि मेरो आत्मा म तपाईंतिर उचाल्दछु।" र मीका ७:१८-२० "१८ तपाईंजस्तो परमेश्वर को छ र, जसले पाप-क्षमा गर्नुहुन्छ, र आफ्नो निज उत्तराधिकारका बाँकी रहेकाहरूको अपराध माफ गरिदिनुहुन्छ? तपाईं सधैंसम्म रीस गर्नुहुन्न, तर कृपा गर्नमा खुशी हुनुहुन्छ। १९ हामीलाई तपाईंले फेरि टिठ्याउनुहुनेछ। तपाईंले हाम्रा पापहरूलाई खुट्टाले कुल्चनुहुनेछ र हाम्रा सबै अधर्म समुद्रको गहिराइमा फालिदिनुहुनेछ। २० तपाईं याकूबप्रति सत्य रहनुहुनेछ र अब्राहामलाई कृपा देखाउनुहुनेछ, जसरी धेरै अघि तपाईंले शपथ खाएर हाम्रा पुर्खाहरूलाई प्रतिज्ञा गर्नुभएको थियो।"**

हिब्रू भाषाको शब्द *chesed* *(चिज्ड)* **पुरानो करारको** अत्यन्तै गहिरो र उल्लेखनीय शब्द हो। यसले परमेश्वरको प्रेम, उहाँको दया, करुणा, स्नेह, माया र आफ्ना जनहरूसँग गरेको करारमा आफू वचनवद्ध रहेको देखाउँछ। माथिका केही पदहरूले परमेश्वरको गुणलाई वर्णन गर्न त्यही शब्द *chesed* *चिज्ड* प्रयोग गरिएको पाइन्छ। "तपाईंको महान् चिज्ड वा दया, करुणा तपाईंको सेवक दाउदलाई देखाउनुभएको थियो...तपाईंको महान् दया (चिज्ड) उनलाई निरन्तररूपमा जारि थियो" (१ राजा ३:६ रूपान्तरित)। "उहाँको सत्यता र करुणा (चिज्ड) अगाडि पठाउनुहुनेछ (भजन ५७:३ रूपान्तरित)। इस्राएलीहरूको मामिलामा उहाँले "याकूबलाई सत्यता दिनुहुनेछ र अब्राहमलाई करुणा (चिज्ड)" (मीका ७:२० रूपान्तरित। हामीप्रति परमेश्वरको प्रेम र करुणालाई स्पष्टसँग बुझाउन यही चिज्ड शब्दको बारेमा किताबहरू नै लेखिएका छन्।

देहायका पदहरूमा "शान्ति" वा शालोम शब्द प्रयोग गरिएको छ। ती शब्द शान्ति वा शालोम भनेर के बुझाउन खोजिएको हो? हेर्नुहोस्, गन्ती ६:२२-२६ "२२ परमप्रभुले मोशालाई भन्नुभयो, २३ “हारून र त्यसका छोराहरूलाई भन्, ‘इस्राएलीहरूलाई तिमीहरूले आशीर्वाद दिँदा यसो भन्नूः २४ परमप्रभुले तिमीहरूलाई आशिष् दिऊन्, र तिमीहरूलाई रक्षा गरून्। २५ परमप्रभुले आफ्नो मुख तिमीहरूमाथि चम्काऊन्, र तिमीहरूलाई अनुग्रह गरून्। २६ परमप्रभुले आफ्नो चेहरा तिमीहरूमाथि प्रकाश गरून्, र तिमीहरूलाई शान्ति दिऊन्’।", अय्यूब ३:२५-२६ "२५ मलाई तर्साउने त्रासहरूले मलाई समातेका छन्, जे-जेदेखि म डराउँछु, ती ममाथि आइपरेका छन्। २६ मेरो मनमा न त शान्ति छ, न मेरो निम्ति विश्राम नै छ, तर खलबल मात्र छ।", भजन २९:११ "परमप्रभुले आफ्ना मानिसहरूलाई शक्ति प्रदान गर्नुहुन्छ, परमप्रभु आफ्ना मानिसहरूलाई शान्तिको वरदान दिनुहुन्छ।", यशैया ९:६ "हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ। हाम्रा निम्ति एउटा छोरो दिइएको छ। शासन उहाँको काँधमा हुनेछ। उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ।" र यशैया ३२:१७ " धार्मिकताको फल शान्ति हुनेछ, र धार्मिकताको फलको नतीजाचाहिँ सदाको निम्ति शान्ति र भरोसा हुनेछ।"

शालोम भन्ने हिब्रू शब्दलाई प्रायजसो "शान्ति" भनेर अनुवाद गरिएको हुन्छ। तर शान्ति भनेर अनुवाद गरिएतापनि त्यसको अर्थ गम्भीर र वृहत छ। यसलाई "पूर्णता, समग्रता र सबै कुरामा भला वा कल्याण" भनेर अनुवाद गर्न सकिन्छ। परमेश्वरकै आशिष र उहाँको अनुग्रहले हामी सबैलाई शालोमको स्थितिमा राखिएको हुन्छ। शालोम मानिसहरूको कल्याणको निम्ति परमेश्वरको बरदान र उपहार हो (गन्ति ६:२५-२६)। तर त्यसको ठिक बिपरीत अय्यूबले भोगिरहेको शङ्कटले उनलाई प्रतिकूल वातावरणको अनुभूति गराइरहेको हुन्छ।उनी न त सजिलोसँग वस्न सक्छन् न त उनी चुपचाप नै रहन सक्छन् किनभने उनमा शान्ति वा शालोम थिएन। आजकलको अस्तव्यस्त संसारमा जब शाबथ आउँछ तब शाबत शालोम भनेर अभिवादन गर्दै भित्रैदेखि आशिषको अनुभूति त्यस दिन हामी गर्न सक्छौं। किनभने जब हामी परमेश्वरको उपस्थितिको महसुस गर्छौं तब हामीमा पूर्ण शान्ति भएको अनुभव हुन्छ र **हाम्रो** जीवनले पूर्णता अर्थात् तन्दुरुस्ति वा जोश पाएको अनुभव गर्दछ।

**हामीले जुनसुकै भाषा बोले वा पढेपनि त्यस भाषामा व्यक्त विचारहरूको अर्थ थाहा नपाएतापनि ती शब्दहरूले भन्न खोजेको सन्देशलाई हाम्रै अनुभवको आधारमा सकेसम्म कसरी बुझ्न सक्छौं?**

## ३. दोहोरिएका शब्दहरूको रचना र अर्थ

यदि कुनै विशेष तथा महत्त्वपूर्ण सन्देश दिनु छ भने त्यसलाई व्याख्या वा विभिन्न तरिकाले प्रस्तुत गर्नु पर्छ भन्ने हिब्रू वा इस्रायलीहरूको धारणा छ। अङ्ग्रेजी वा युरोपको भाषा लेख्दा विभिन्न चिन्ह वा बिरामहरू हुन्छन् जस्तै पूर्ण बिराम वा अर्द्ध बिराम (.,) आदि। तिनीहरूले शब्द वा व्याक्यहरूलाई अलग गर्दछन्। तर सुरूको हिब्रू भाषामा ती चिन्हहरू थिएनन्। त्यसकारण बोल्दा ती बिरामहरूको कुनै ख्याल हुँदैन्थ्यो त्यसरी नै पौराणिक हिब्रूका लेखहरूमा पनि ती कुनै बिरामहरू हुँदैनथे।

**देहायका केही पदहरू पढ्नुहोस्। जहाँ केही शब्दहरू दोहोऱ्याइएका छन्। ती दोहोरिएका शब्दहरूले पनि उस्तै धारणालाई जोड दिएका छन् भनेर कसरी थाहा पाउने? हेर्नुहोस्, उत्पत्ति १:२६,२७ "२६ फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पक्षीहरू, पालिने पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।" २७ यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो।" र यशैया ६:१-३ "१ उज्जियाह राजा मरेको वर्षमा मैले परमप्रभुलाई अग्लो र उच्च सिंहासनमा विराजमान हुनुभएको देखें। उहाँको वस्त्रको छेउले मन्दिरै ढाकेको थियो। २ उहाँको मास्तिर सराफहरू* खड़ा थिए– प्रत्येकका छ-छ वटा पखेटा थिए। दुई वटा पखेटाले तिनीहरूले आफ्नो मुख ढाकेका थिए, दुई वटाले आफ्ना खुट्टा ढाकेका थिए, र दुई वटाले तिनीहरू उड्दैथिए। ३ अनि एउटाले अर्कालाई यसो भन्दै तिनीहरू पुकार्दैथिए: "सर्वशक्तिमान् परमप्रभु, पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ।"**

परमेश्वरको गुण वा स्वभावको हृदयदेखि प्रशंसा गर्न वा व्यक्त गर्न एउटै शब्दलाई तिन पटक दोहोऱ्याउने हिब्रू भाषी लेखकहरूको चलन छ। ती दोहोऱ्याइएका शब्दहरूले भन्न खोजिएको कुरालाई जोड दिइन्छ। जब परमेश्वरले सारा सृष्टिको काम सक्नुभएको थियो तब उहाँको सर्वश्रेष्ठ सृष्टिको

काम भनेकै मानव नर र नारीको सृष्टि थियो। त्यो मानव सृष्टि परमेश्वरको निम्ति विशेष महत्त्वपूर्ण थियो। त्यो सृष्टिलाई व्याख्या गर्न बारा bara भन्ने शब्द प्रयोग गरिएको छ। यसको अर्थ सृष्टि गर्नु हो। यो शब्दले केवल परमेश्वरलाईमात्र सम्बोधन गर्दछ। पहिला सृष्टि गरिएको थोकमा भर नपरि सृष्टि गर्ने अधिकार केवल परमेश्वरमामात्र भएको कुरा त्यस शब्दले बुझाउँदछ। मानिसको सृष्टिको व्याख्या गर्दै यो पदले भन्दछः "परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो। आफ्नै स्वरुपमा उहाँले नर र नारी सृष्टि गर्नुभयो। उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो" (उत्पत्ति १:२७ रूपान्तरित)। यहाँ *सृष्टि* भन्ने शब्द तीन पल्ट दोहोऱ्याइएको कुरा ख्याल गर्नुहोस्। मानव जाति परमेश्वरले नै सृष्टि गर्नुभएको र त्यो पनि उहाँको आफ्नै स्वरुपमा भनेर मोशाले जोड दिँदछन्। यी सत्यहरू मोशाका व्यक्तिगत धारणा थिए।

अगमवक्ता यशैयाको स्वप्नदर्शन र उनलाई परमेश्वरको कामको निम्ति बोलाइएको समयमा सराफ स्वर्गदूतले "सारा सेनाहरूको प्रभु पवित्र, पवित्र, पवित्र" (यशैंया ६:३) भनेर पवित्र शब्द तीन पल्ट दोहोऱ्याएका थिए। स्वर्गको मन्दिरमा भरिएको परमेश्वरको तेजस्वीमय पवित्रतालाई जोड दिन यसरी पवित्र शब्दलाई दोहोऱ्याइएको थियो। सर्वशक्तिमान परमेश्वरको सामु आफू उभिँदा उहाँको पवित्रताको सामु आफू कति तल वा निच थिएँ भनेर उनले "धिक्कार, म नष्ट भएँ" (यशैया ६:५ रूपान्तरित) भनेर अत्यन्तै मार्मिक भाव भएर व्यक्त गरेका थिए। जब यशैया जस्ता अगमवक्ताले परमेश्वरको पवित्रता र चरित्रको सामना गरे तब आफ्नो चरित्र खतम भएको र आफू त्यस महापवित्र परमेश्वरको सामु उभिन योग्य नभएको महसुस गरेका थिए। धेरै वर्षपछि पावलले रोमी १-३ अध्यायसम्म मानिसको गिर्दो र पापी अवस्थालाई व्याख्या गर्नुभन्दा अघि नै बाइबलले मानिसको पतित स्वभावलाई व्यक्त गरेका थिए। यशैया जस्तो पवित्र र असल मानिसले पनि परमेश्वरको सामु आफूलाई धर्मात्मा छु भन्ने आँट गर्न सकेका थिएनन्।

दानिएल ३ को एक अंशलाई विभिन्न तरिकाले दोहोऱ्याइएको पाइन्छ। त्यो वाक्य हो "नबूकदनेसरले स्थापना गरेका मूर्ति" (दानिएल ३:१-३,५,७,१२,१४,१५,१८ रूपान्तरित)। यो वाक्यलाई विभिन्न तरिकाले दस पल्ट दोहोऱ्याइएको छ। दानिएलद्वारा प्रकट गरिएको परमेश्वरको रूपलाई चुनौति दिन वा उहाँभन्दा आफू महान् भएको कुरा व्यक्त गर्न राजाले त्यो

मूर्तिको स्थापना गरेका थिए (दानिएल २:३१-४५)। त्यो आफैमा परमेश्वर नभए पनि मानव जातिको सामु आफूलाई पूजनीय छु भनेर घमण्ड देखाउने प्रवृत्तिलाई त्यसले देखाएको थियो। जहाँ केवल एक सनातन सृष्टिकर्ता परमेश्वर जो पवित्र, श्रद्धामय र पूजनीय हुनुहुन्छ भन्ने सत्यलाई मानिसले ओझेलमा पार्न वा वेवास्ता गर्न चाहेको मानवीय स्वभावलाई बाइबलले भन्डाफोर गरेको छ।

## ४. सन्दर्भ वा परिवेश अनुकुल लेखिएका पदहरू

हामी बाइबलको शब्द वा पदलाई उच्चारण गर्दछौं, सुन्छौं र सुनाउछौं तर कुन परिवेश वा सन्दर्भमा ती पदहरू लेखिएका हुन् सो कुरा पनि थाहा पाउनु जरुरी छ। हामी बाइबलको कुनै पनि पद, शब्द वा वाक्यलाई लिएर यो सर्वसत्य वचन हो भनेर निष्कर्षमा ल्याउँदैनौं। कुनै पनि वाक्यमा लेखिएको शब्द कुन सन्दर्भमा त्यो शब्द लेखिएको हो त भन्ने कुरा त्यही वाक्यबाट थाहा पाउनु जरुरी हुन्छ। अनि त्यस वाक्य, पद वा शब्द कुन परिवेशमा वा सन्दर्भमा आएको हो सो थाहाँ पाउनुपर्दछ। प्रथमत: लेख वा अध्यायको कुन भागहरूबाट त्यो शब्द वा वाक्य निकालिएको हो भनेर त्यो वाक्य वा शब्दलाई फराकिलो ढंगले हेर्नुपर्दछ। एउटा शब्द वा वाक्यलाई लिएर यो नै परमेश्वरको वचन हो यसैलाई पालना गर्नुपर्छ भनेर जिद्दी गर्नु मनासिव हुँदैन। यदि कुन सन्दर्भ वा परिवेशमा त्यो शब्द वा वाक्य आएको हो त्यसप्रतिको ज्ञान भएन भने बाइबलको वचनलाई नै गलत अर्थमा अर्थ्याउने अवस्था सिर्जना हुन सक्छ। जसले गर्दा परमेश्वरले के भन्न चाहनुभएको हो सो नै मानिसहरूले नबुझ्न सक्छन्।

**हिब्रू भाषाले "मानिस"लाई "*आदम*" भनेर सम्बोधन वा व्याख्या गर्दछ। देहायका विभिन्न पदहरू र परिवेशमा *आदम* भन्ने शब्दलाई कसरी बुझाइएको छ? हेर्नुहोस्, उत्पत्ति १:२७ "यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो।**

**परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो।", उत्पत्ति २:७ "तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए।" र उत्पत्ति २:१५-२३ "१५ परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैंचामा त्यसको गोड़गाड़ र हेरचाह गर्न राख्नुभयो। १६ अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो,**

**"बगैंचाका सबै रूखका फल तैंले सङ्कोच नमानी खाए हुन्छ, १७ तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तिमीले त्यो खानेछौ तिमी निश्चय नै मर्नेछौ। १८ फेरि परमप्रभु परमेश्वरले भन्नुभयो, "मानिस एकलो रहन असल छैन। म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु।" १९ परमप्रभुले सबै वन-पशु र आकाशका सबै पक्षीलाई भूमिबाट बनाएर मानिसले तिनीहरूको के-के नाउँ राख्दो रहेछ भनी हेर्न तिनीहरूलाई मानिसकहाँ ल्याउनुभयो। र मानिसले हरेक प्राणीलाई जे-जे नाउँ दिए त्यही-त्यही नै त्यसको नाउँ भयो। २० अनि मानिसले नै सबै पालिने पशु, आकाशका पक्षी र सबै वन-पशुहरूका नाउँ राखे। तर आदमको निम्ति तिनलाई सुहाउँदो कोही सहयोगी पाइएन। २१ यसैकारण परमप्रभु परमेश्वरले मानिसलाई मस्त निद्रामा पार्नुभयो, र तिनी निदाएको बेलामा तिनका करङहरूमध्येको एउटा निकालेर त्यसको ठाउँमा मासु भरिदिनुभयो। २२ जुन करङ परमप्रभु परमेश्वरले मानिसबाट निकाल्नुभएको थियो, त्यसबाट एउटी स्त्री बनाएर मानिसकहाँ ल्याउनुभयो। २३ मानिसले भने, "यो त मेरै हाड़को हाड़ र मासुको मासु हो। तिनलाई स्त्री भनिने छ। किनभने तिनी पुरुषबाट निकालिएकी थिइन्।" २४ यसैकारण मानिसले आफ्ना आमा-बाबुलाई छोड्छ र आफ्नी पत्नीसँग मिलिरहन्छ, र तिनीहरू एउटै शरीर हुन्छन्।"**

**उत्पत्ति १ः२७मा *बारा*** अर्थात् मानिसलाई सृष्टि गरिएको शब्द दोहोरिएको हामीले हेर्‍यौं। अब मानिस शब्दवाट केवल पुरुष जातिमात्र नभएर दुवै नर र नारीलाई सम्बोधन गरिन्छ भनेर बाइबलको सन्दर्भमा हामीले पढ्यौं। त्यसकारण हिब्रू शब्द *"आदम"*द्वारा प्राय: मानव जातिलाई सम्बोधन गरिएको हो भनेर बुझ्नु जरुरी छ।

तर उत्पत्ति २ः७ले त्यही शब्द *"आदम"* जमिनको माटोबाट आकार दिएर बनाइएको आदम हो भनेर उल्लेख गर्दछ (हिब्रू भाषामा आडमाह *admaha छ* यसमा शब्दको ख्याल गर्नु जरुरी छ)। यहाँ, आदम त केवल पुरुष वा नरमात्रै भएको देखाइएको छ। हव्वाचाहीं पछिमात्र सृष्टि गरिएको तर आदमलाईभन्दा भिन्नै तरिकाले सृष्टि गरिएको हो भन्ने कुरालाई ख्याल गर्नुपर्दछ। यस प्रकारले दुई अध्यायको सन्दर्भमा एउटा अंशमा आदमलाई मानव जाति वा नर र नारी भनेर सम्बोधन गरिएको छ (उत्पत्ति १:२७) भने अर्को पुरुष आदमलाईमात्र व्यक्तिगत नाउँ दिएर सम्बोधन गरिएको छ (उत्पत्ति २:७)। बंशावलीमा आदमको नाउँ छुट्टै उल्लेख गरेर उनको

व्यक्तिगत पहिचान दिइएको छ (उत्पत्ति ५:१-५, १ इतिहास १:१, लूका ३:३८)। पछि येशूलाई पनि पावलले "दोस्रो आदम" (रोमी ५:१२-१४) भनेर सम्बोधन गर्दा येशू दोस्रो आदम हुन पुग्नुभएको थियो।

जसरी विशेष परिवेशमा आदम भन्ने शब्द लेखिएको छ त्यस्तै सृष्टिको महान् परिप्रेक्षमा "आदम"लाई आदम र हव्वा भनेर सम्बोधन गरिएको पनि थाहा पाउनु जरुरी छ। यो उत्पत्ति १ र २मा पाइन्छ। त्यही कुरोलाई हामीले ठूलो पारा वा फराकिलो दृष्टिकोणले हेर्नुपर्छ भनेर भन्दछौं। ठूलो पारा वा फराकिलो दृष्टिकोणले एउटै शब्द, अंश वा वाक्यलाई हेर्दा त्यो शब्द, वाक्य वा अंशको विषयबस्तुले विकसित अर्थलाई व्याख्या गरेर हामीलाई बुझाउन खोजेको हुन्छ। कतिपय समयमा उत्पत्ति २:४-२५लाई सृष्टिको दोस्रो विवरण भनेर मानिन्छ। फरक पाराले लेखिएको विवरण हो तर फरक सृष्टिको विवरणचाहीँ होइन। दुवै विवरणमा मानिसको खास सृष्टि कसरी भएको हो भनेर देखाइएको छ।

**चाहे पुरुष होस् वा नारी ती दुवै परमेश्वरका सृष्टि हुन् भनेर हामीलाई बाइबलमा देखाइएको छ। यस परिप्रेक्षमा कतिपय दार्शनिक, वैज्ञानिक वा संसारका बुद्धिमानी भनेर कहलाइने (१ कोरन्थी १:२०) ज्ञानी मानिसहरूको "मानिस पशु हो। यसको सृष्टि अचानक सुक्ष्म तत्वबाट बिकसित हुँदै बाँदरबाट मानिस हुन पुगेको हो" भनेर सिकाउने वा धारणा दिने कुरा परमेश्वर र बाइबलको सामु कतिको मूर्खतापूर्ण रहेछ भनेर हामीले कसरी बुझ्ने?**

## ५. पुस्तकहरू र तिनका सन्देशहरू

बाइबललाई पुस्तकै पुस्तकले भरिएको धार्मिक पुस्तकालय भने पनि हुन्छ। **यसमा परमेश्वरको** प्रेरणाद्वारा लेखिएका ६६ वटा पुस्तकहरू समावेश भएका छन्। बाइबलका पुस्तकहरू विभिन्न लक्ष्यको निम्ति फरक फरक परिवेशमा लेखिएका थिए। कुनै पुस्तकहरू भविष्यवाणीका सन्देशहरू दिन लेखिएका हुन् भने कुनै सङ्कलन गरेर लेखिएका छन् जस्तै भजन र हितोपदेशका पुस्तकहरू। बाइबलमा ऐतिहासिक पुस्तकहरू पनि छन् जस्तै १ र २ राजा, १ र २ शमूएल, न्यायकर्ता र येशूको जीवनी भएका चार पुस्तकहरू। अनि येशूलाई विश्वास गर्नेहरूको आस्थालाई बलियो पार्न र आत्मिक ज्ञान बढाउन पावल र अन्य लेखकले लेखेका विभिन्न पत्रहरू जुन चर्चहरूमा पढेर सुनाउने अपेक्षाकासाथ लेखिएको थियो।

जब बाइबलका पुस्तकहरूको अर्थ वा सन्देशलाई हामी बुझ्ने प्रयास गर्दछौं तब ती पुस्तक कुन परिवेशमा लेखिएका हुन् त्यस वारेमा पनि जान्नु जरुरी छ। बाइबलका धेरै पुस्तकहरूमा किटान गरेर लेखकहरूको नाउँ दिइएको छ। बाइबलका प्रथम पाँच पुस्तकहरूको लेखक मोशा हुन् भनेर चिनाइएको छ (यहोशू ८:३१,३२, १ राजा २:३, २ राजा १४:६, २ राजा २१:८, एज्रा ६:१८, नेहमिया १३:१, दानिएल ९:११-१३, मलाकी ४:४)। यो धारणा येशू (मर्कूस १२:२६, यूहन्ना ५:४६, ४७ यूहन्ना ७:१९) र प्रेरितहरूले (प्रेरित ३:२२, रोमी १०:५) स्वीकारेका छन्। अरू कुनै कुनै पुस्तकहरूमा लेखकहरूको पहिचान गरिएको छैन। जस्तै एस्थर, रुथ, इतिहास र शमूएलका पुस्तकहरूका लेखकहरू यी नै हुन् भनेर किटान गरिएको छैन।

**मोशाले नै उत्पत्तिको पुस्तक लेखेका हुन् भन्ने कुरा कतिको महत्त्वपूर्ण छ भनेर देहायका पदहरूले कसरी देखाउँछ? हेर्नुहोस् उत्पत्ति १५:१-५ " १ त्यसपछि दर्शनमा अब्रामकहाँ परमप्रभुको यो वचन आयो, "अब्राम, तिमी नडराऊ। तिम्रो ढाल म नै हुँ, र तिम्रो इनाम अत्यन्तै ठूलो हुनेछ।" २ तर अब्रामले भने, "हे परमप्रभु परमेश्‍वर, तपाईंले मलाई के दिनुहुन्छ र? किनभने म सन्तानविहीन नै छु, मेरो घरको उत्तराधिकारी दमस्कसको एलीएजर हुनेछ।" ३ फेरि अब्रामले भने, "हेर्नुहोस्, तपाईंले मलाई सन्तान दिनुभएन, र मेरो घरमा जन्मेको दास नै मेरो उत्तराधिकारी हुनेछ।"**

**४ तब परमप्रभुको यो वचन फेरि तिनीकहाँ आयो, "यो मानिसचाहिँ तिम्रो उत्तराधिकारी हुनेछैन, तर जो तिम्रो आफ्नै छोरा हुन्छ त्यही नै तिम्रो उत्तराधिकारी हुनेछ।" ५ अनि उहाँले तिनलाई बाहिर लगेर भन्नुभयो, "आकाशतिर हेरेर तारा गन्न सक्छौ कि सक्दैनौ, गनिहेर।" उहाँले तिनलाई भन्नुभयो, "तिम्रा सन्तानहरू पनि त्यस्तै हुनेछन्।" र उत्पत्ति २२:१५-१८ " १५ परमप्रभुका दूतले दोस्रो पल्ट स्वर्गबाट अब्राहामलाई कराएर भने, १६ "परमप्रभु भन्नुहुन्छ, 'मैले आफ्नै नाउँमा शपथ खाएको छु, कि तिमीले यो काम गरेकोले र तिम्रो छोरो, अर्थात् तिम्रो एउटै छोरालाई पनि मबाट नरोकेकोले म निश्‍चय नै तिमीलाई आशिष् दिनेछु। १७ तिम्रा सन्तानको वृद्धि गरेर आकाशका तारा र समुद्र किनारका बालुवासरह म तुल्याउनेछु। तिम्रा सन्तानले आफ्ना शत्रुहरूका सहरहरू कब्जा गर्नेछन्। १८ तिम्रै सन्तानद्वारा पृथ्वीका सबै जातिहरू आशीर्वादी हुनेछन्, किनकि तिमीले मेरो वचन पालन गर्‍यौ।"**

प्रस्थानको पुस्तकपछि मोशाले उत्पत्तिदेखि व्यवस्था सम्मको पुस्तक लेखेका थिए। सृष्टिदेखि पूर्खा अब्राहमको समयसम्म परमेश्वरको काम देखाउने ऐतिहासिक आधार भएकोले प्रस्थानको पुस्तकभन्दा अगाडि उत्पत्तिको पुस्तक लेखिएको हो भन्ने तर्क मनासिव नै देखिन्छ।

"वर्षौंसम्म मोशा एकान्त ठाउँहरूमा भेंडा चराइ हिड्थे। त्यसबेला उनी आफ्ना मानिसहरूको नाजुक अवस्थाप्रति चिन्तित भएका थिए। आफ्ना बंश चुनिएकाहरू कसरी बंश हुनेहुन् भनेर उनका पूर्खाहरूले परमेश्वरसँगको सम्बन्धको बारेमा सोचिरहेका थिए। परमेश्वरले उनका पूर्खाहरूलाई दिनुभएको प्रतिज्ञा वा करारको विषयमा पनि उनले सोचिरहेका थिए। दिन रात इस्राएलीहरूको निम्ति उनले गरेका प्रार्थनाहरू स्वर्गमा पुगिरहेका थिए। उनको वरिपरि स्वर्गदूतका ज्योतिले घेरिरहेको हुन्थ्यो। त्यहीं नै उनले पवित्र आत्माको अगुवाई र प्रेरणाद्वारा उत्पत्तिको पुस्तक लेखेका थिए।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. २५१बाट रूपान्तरित।

उत्पत्तिको पुस्तकले यस संसारमा हाम्रो सृष्टिमात्र होइन मुक्तिको योजनाको बारेमा पनि बताउँदछ। पतित मानव जातिलाई परमेश्वरले कसरी उद्धार गर्नुहुनेछ भनेर उत्पत्तिको पुस्तकले प्रकट गरेको छ। जब परमेश्वरले अब्राहमसँग करार बाँध्नुभयो तब त्यो योजना अझ वास्तविक हुन पुगेको थियो। अब्राहमको सन्तानबाट नै समुद्रका वालुवा जतिकै र आकाशका ताराहरू जतिकै गन्नै नसकिने जाति खडा गरेर महान् राज्य स्थापना गर्ने आफ्नो प्रतिज्ञा अब्राहमलाई परमेश्वरले सुनाउनुभएको थियो (उत्पत्ति २२:१७)।

**अरू के कस्ता महान् र सत्य आत्मज्ञानहरू हामीलाई उत्पत्तिको पुस्तकमा सिकाइएको छ? यदि उत्पत्तिको पुस्तक नभएको भए ती ज्ञानहरू हामीलाई थाहा हुँदैनथ्यो होला। त्यसैले हाम्रो आस्थाको निम्ति परमेश्वरको वचन कत्तिको महत्त्वपूर्ण वा नभइ नहुने सामग्री हो भनेर त्यसले हामीलाई कसरी सिकाउँछ?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित *द ग्रेट कन्त्रोभर्सी,* पृ. ७९-९६को "जोन वाइक्लिफ" र पृ. १४५-१७०को "लुथर बिफोर डायट" पढ्नुहोस्।**

**साथै देहायको सामग्रीको ४ ए-जेमा लिखित "मेथड अभ बाइबल स्टडी" पढ्नुहोस्ः**

*www.adventistbiblicalresearch.org/materials/bible-interpretation-hermeneutics/methods-bible-study.*"मुक्तिको निम्ति चाहिने प्रसस्त आत्मिक ज्ञान परमेश्वरले आफ्नो वचन वा बाइबलद्वारा मानिसहरूलाई सुम्पिनुभएको छ। परमेश्वरको इच्छालाई प्रकट गर्ने आधिकारिक र अचुक वा कहिल्यै गल्ती नगर्ने धर्मशास्त्र बाइबललाई मानिसहरूले जस्ताको त्यस्तै स्वीकार्नुपर्दछ। आदर्श वा नैतिक चरित्रको मापदण्ड, आवश्यक शिक्षादीक्षा वा सबै अनुवभहरूलाई जाँच्ने आधार पवित्र धर्मशास्त्र बाइबल नै हुनुपर्छ। परमेश्वरले मानिसहरूलाई उहाँको वचनद्वारा उहाँको इच्छा प्रकट गर्ने भएतापनि ती वचन पढ्न पवित्र आत्माको उपस्थिति र अगुवाई निरन्तररूपमा रहिरहनुपर्दैन भन्ने होइन। बरू त्यसको बिपरीत आफ्ना सेवकहरूले उहाँको वचन पढून्, त्यसमा भएका दिव्यज्ञानहरू बुझून् र जीवनमा प्रयोग गरून् भनेर तिनीहरूको निम्ति मुक्तिदाताले पवित्र आत्माको प्रतिज्ञा गर्नुभएको थियो। पवित्र आत्माले नै बाइबल लेख्न प्रेरित गर्नुभएकोले परमेश्वरको वचनको खिलाफमा पवित्र आत्मा जानु असम्भव छ।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ९बाट रूपान्तरित।

**चिन्तनमनन्ः**

अ. **बाइबलका अनुवादहरू धेरै किसिमका पाइन्छन्। नेपाली भाषामा नै बाइबललाई विभिन्न तरिकाहरूले अनुवाद गरिएको पाइन्छ। तैपनि तपाईंसँग जुन अनुवाद छ बाइबलले दिने धेरै ज्ञान त्यसबाट तपाईंले कसरी लिन सक्नुहुन्छ? बाइबल परमेश्वरको वचन हो, यसलाई केलाई केलाई पढ्नुपर्छ, विश्वासद्वारा यो पढ्नुपर्छ र यसले सिकाएका कुराहरू पालन गर्नुपर्छ भन्ने ज्ञान हाम्रो हृदयमा सजाइ राख्नुपर्छ ।**

आ. **यस पृथ्वीमा मानिसको उत्पत्ति कसरी भयो भनेर बाइबलले सिकाउने ज्ञान अर्थात् हामी छैटौं दिनमा सृष्टि गरिएका हौं भन्ने बाइबलको शिक्षा र विज्ञान वा विकासवादी सिद्धान्तको नाउँमा मानिसको सृष्टि हुन करोडौं वर्ष लागेको थियो र त्यो सृष्टि वातावरणमा आफै भएको थियो भन्ने शिक्षाको बीचमा के फरक**

छ? यी फरक शिक्षाको माझमा हामीले बाइबलले सिकाएकै सत्यमा अडिग भएर बस्नु आवश्यक छ भनेर कसरी सिक्ने? यदि हामी परमेश्वरको वचनबाट टाढा भएर ती शिक्षाबाट अलग भइ बस्यौं भने मानिसहरू यथार्थ र परमेश्वरको चाहनाको वास्तविकताबाट कति टाढा रहन सक्दा रहेछन्? सोच्नुहोस्।

इ. बाइबललाई राम्रोसँग बुझ्ने र बुझाउने विभिन्न औजार वा सामग्रीहरूका विषयमा यस पुस्तकको शुरूमा हामीले चर्चा गर्यौं। ती सामग्रीहरूमध्ये तपाईंसँग के के सामग्रीहरू छन्। यदि तपाईंसँग ती सामग्री छैनन् भने यस अध्यायमा लेखिएको आधारमा तपाईंले परमेश्वरको वचनमुताविक चल्न कसरी सिक्न सक्नुहुन्छ?

ई. इस्रायलीहरूको जीवनमा परमेश्वरले गर्नु भएको अगुवाइका कथाहरू आफ्ना असन्तानहरू वा छोराछोरीहरूलाई बारम्बार सुनाउन तिनीहरूलाई निर्देशन दिइएको थियो (व्यवस्था ४:९)। तिनीहरूलाई दिइएको महान् सत्यहरू सिकाउन भनिएको थियो। बारम्बार परमेश्वरको वचन पढ्दा वा अरूलाई भनिरहँदा उहाँप्रतिको विश्वास वा आस्था बढ्छ। त्यसकारण बाइबलका शिक्षादीक्षा वा सत्यहरू अरूलाई सिकाउँदा हामीलाई पनि किन फाइदा हुनसक्छ?

## कथा ७
## "मेरो आङ सिरिङ्ग भएको छ!"
## कामिल मेटज्

अमेरिकाको टेक्सास सहर हाउस्टनमा लिज अत्यन्तै व्यस्त थिइन्। एक छिन चुप लागेर वस भनेर अचानक उनलाई कसैले बोले जस्तो लाग्यो। त्यसैबेला कसैले उनको घरको ढोका घचघचायो। जब उनले ढोका खोलिन् तब उनले तत्काल कसैलाई पनि देखिनन्। डेभिड पानो घरबाट निस्केर छिमेकीको घरमा छिटो छिटो हिँड्दै थियो। लिजले एक जना मानिस फर्केर गइरहेको देखिन्। डेविडले उनले बोलाएको सुन्यो र लिजको घरमा आयो। मुस्कुराउँदै उसले येशूको बारेमा लेखेको ग्लो पर्चा दियो। "हैन, यो त सर्वसाधारणले मन नपराएको सानोतिनो धार्मिक झुण्डको पर्चा त होइन?" लिजले सोधिन्। यो होइन तर केवल इसाई पर्चामात्र हो भनेर पानोले उनलाई विश्वस्त तुल्यायो। "ओहो, अब मेरो आङ्ग सिरिङ्ग भयो। केही समय पहिले मैले सपना देखेको थिएँ। त्यसबेला दुई जना पास्टरहरू मेरो घरमा आएर मलाई इसाई साहित्य दिएर गएका थिए। मलाई थाहा थियो तिनीहरू सानोतिनो झुण्ड होइनन्" आश्चर्य मान्दै लिजले पानोलाई सुनाइन्।

पास्टर पानो मिशिगन कन्फरेन्सको एडभेन्टिस्ट चर्चमा सुसमाचार प्रचार गर्ने सहायक अध्यक्ष भएर काम गर्दछन्। उनको कुरा सुनेर म एकदम खुशी भए। त्यो सपना पूरा हुन के उनीमात्र थिए त भनेर उनी सोच्न पुगेका थिए। त्यसैबेला उनको अरू पास्टर साथी टेलर हिन्कल (फोटोमा) आइपुग्यो। हिंकल, मिशिगनको ग्रेट लेकस एडभेन्टिस्ट एकाडेमीमा पास्टरी काम गर्छन् र उनी बाइबल शिक्षक पनि हुन्। ग्लो पर्चा बाँड्ने क्रममा उनीसँग त्यो पर्चा सकिएको थियो र तिनी पानोकहाँ त्यही ग्लो पर्चाको निम्ति आएका थिए। अब त्यहाँ लिजको घरमा दुई जना पास्टरहरू भेला भएका थिए। लिजले पानो र हिङ्कललाई हेरिन्। "यो त परमेश्वरबाटै हो भनेर म विश्वास गर्छु। मेरो सपनामा मैले दुई जना पास्टरहरूले मेरो ढोकामा आशा ल्याउँदै गरेको मैले देखेको थिएँ। अनि मैले स्वर्गबाट आवाज आएको सुनें, 'यो तिम्रो अन्तिम अवसर हो। म छिट्टै फर्कदै छु।'" लिजले पास्टरहरूलाई अचम्म पार्दै भनिन्। "मेरो निम्ति प्रार्थना गरिदिनुहोस्। मेरो जीवनमा येशूको आवश्यकता छ।" लिजले तिनीहरूसँग अनुरोध गरिन्। ती दुई पास्टरहरू

डिसेम्बर ३०, २०१६मा जिवाइसी वार्षिक सभामा भाग लिने दौरानमा घर घरमा गएर पर्चाहरू बाँड्दै थिए। त्यस काममा अरू युवाहरू पनि लागेका थिए। लिजको निम्ति ती पास्टरहरूले खुशीसाथ प्रार्थना गरे। स्थानीय चर्चमा बाइबल अध्ययन गर्न लिजले आफ्नो नाउँ दिइन्।

यस अन्धकार, आशारहित र दिक्क लाग्दो उदासी संसारमा परमेश्वरले आफ्ना सेवकहरू मानिसहरूलाई आशाको स्रोत चिनाउन पठाउनुहुन्छ। एडभेन्टिस्ट चर्चको सहसंस्थापक एलेन जी ह्वाइटले यो लेख्नु भएको छः "उदासको भूमरीमा परिरहेकाहरूलाई हामीले सेवा गर्नुपर्छ र निराशामा परिरहेकाहरूलाई आशा दिएर प्रेरणा दिनुपर्छ" (द डिजाएर अभ एजेज, पृ. ३५०बाट रूपान्तरित)। आज नै तपाईंले पनि येशूको निम्ति आशाको सेवक हुने निर्णय किन नगर्ने?